# खै ! के भएको हो यो समयलाई ?

- दिनेश अधिकारी

म ग्राहक छु त्यस अखबारको
त्यसैले हिजो जस्तै आज पनि
ढोकाअगाडि छोडेर गएको छ वितरकले
त्यसको नयाँ अंक
र, भुइँबाट त्यसलाई टिप्नुपर्ने
एउटा परिस्थितिको बीचमा म घोरिएको छु

अखबार मेरा अगाडि छ
र, म भने धेरैबेरदेखि
टिपूँ कि नटिपूँको दोधारमा
परैबाट त्यसलाई हेरिरहेको छु

खै ! के हुन लागेको हो यो समयलाई
अखबार टिप्दा कतै त्यसबाट सरेर
आफ्नै हातमा पो रगत लाग्ने हो कि भन्ने डरले
आजकल हरेक बिहान यसरी नै थरर्र !
म आफैंभित्र एक पटक काँप्ने गरेको